**कार्यक्रम** : **संघीयता र लैङ्गिक समानता विषयक कार्यशाला गोष्ठी**
**मिति** : **२०६८/१०/१७ गते,**
**दिन** : **शुक्रबार ।**

मिति २०६८/१०/१७ गतेका दिन राष्ट्रिय महिला आयोग र UN Women को संयुक्त आयोजनामा ***संघीयता र लैङ्गिक समानता विषयक कार्यशाला गोष्ठी,*** राष्ट्रिय महिला आयोगको सभा हलमा आयोजना गरिएको थियो । उक्त कार्यक्रममा विभिन्न संस्थाका प्रतिनिधिहरू, सम्बन्धित विषयका विज्ञ महानुभावहरू र सम्बन्धित सरोकारवालाहरूको उपस्थिती रहेको थियो भने कार्यक्रम राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै राष्ट्रिय महिला आयोगका सचिव डा. बद्री पोखेलले उपस्थित सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै आजको कार्यक्रमको छलफल संघीयतालाई लैङ्गिक उत्तरदायी कसरी बनाउने, संघीयतामा महिला सहभागीताको वृद्धि र निर्णय प्रक्रियामा पहुँच कसरी बढाउन सकिने र अब बन्ने संविधानमा महिलाको हक हितको संरक्षण गर्न एवं संघीयता भित्र राष्ट्रिय महिला आयोगको संरचना कस्तो हुने भन्ने सम्बन्धमा जानकारी प्राप्त गर्न समेत यस कार्यक्रमले सहयोग गर्ने बताउनु भयो । उहाँले कार्यक्रममा उपस्थित विज्ञहरूको सल्लाह र सुझावबाट प्राप्त निचोडलाई राष्ट्रिय महिला आयोग मार्फत संविधान सभामा प्रस्तुत गरिने र यसले समग्र महिला उत्थानका लागि महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो ।







उक्त कार्यक्रममा अधिवक्ता दिनेश त्रिपाठीले विषयमा केन्द्रित भएर कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने कार्यपत्र प्रस्तुति लगतै डा. सूर्य ढुङ्गेल र ज्योती प्याकुरेलद्वारा प्रस्तुत कार्यपत्र माथि टिप्पणी गरिएको थियो ।

उक्त कार्यक्रममा अधिवक्ता दिनेश त्रिपाठीद्वारा *लैङ्गिक समानता र संघीयता* विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । उहाँले कार्यपत्र मार्फत संघीयता के हो? यो किन महत्वपुर्ण छ? संघीयतालाई लैङ्गिक उत्तरदायी बनाउन के गर्नु पर्छ? लैङ्गिक समानत प्राप्त गर्न संविधानमा के के प्रावधानहरू राखिनु पर्छ? लगायतका शीर्षकमा केन्द्रित भएर विचारहरू राख्नु भएको थियो । उहाँले संघीयता बहु

तहको सरकारको संरचना भएकोले यो जनतासँग नजिक हुने अवसर पाउने र थप तहको सरकारको संरचनाले महिलाको सहभागीताको अवसर पनि बढ्ाउने बताउनुभयो । संघीयतामा महिलाले आफ्नो हक अधिकारको निम्ति उचित bargain र negotiate गर्ने मौका पाउने तर यसको अर्को पाटो हेर्दा यसमा ठूलाबडाको हैकम हुने, महिलाको समावेशीकरण र प्रतिनिधित्व भन्दा माथि राजनीतिक दलहरूको वर्चस्व बढि हुने हुँदा महिलाको उचित सहभागीता, प्रतिनिधित्व र हक अधिकारको सुनिश्चितता अन्यौलमा पर्नसक्ने पनि बताउनुभयो ।






उहाँले संविधान संघीयताको आत्मा भएको उल्लेख गर्दै, सविधानले अभिवेदकारी र सकरात्मक पहलको बाटोलाई अंगाल्दै नतिजामा पनि लैङ्गिक समानताको सुनिश्चितता गरिनुपर्ने बताउनुभयो । उहाँले सविधानको Bill of Rights भित्र CEDAW को आधारभुत प्रावधानहरू समेटिएको हुनुपर्ने र यसलाई कार्यान्वयन गराउन बाध्यकारी बनाउनुपर्ने र निर्णय प्रक्रियामा अदालतलाई उचित supreme power दिनुपर्ने बताउनुभयो ।

अधिवक्ता दिनेश त्रिपाठीको कार्यपत्र माथि टिप्पणी गर्दै ज्योती प्याकुरेलले उहाँको कार्यपत्र निकै प्रशंसनीय रहेको बताउनुभयो । उहाँले कार्यपत्रले CEDAW को प्रावधानहरू भन्दा CEDAW को progress report लाई आधार मानी टिप्पणी गर्दा कार्यपत्र अझ बढि स्तरीय बन्न सक्ने बताउनुभयो । उहाँले संघीयतामा हरेक प्रान्तमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन गरिनुपर्ने र यस बजेटको कार्यान्वयन को प्रभावकारी अनुगमन पनि गरिनुपर्ने बताउनुभयो ।

त्यसैगरी , अधिवक्ता दिनेश त्रिपाठीको कार्यपत्र माथि टिप्पणी गर्दै डा. सूर्य ढुङ्गेलले संघीयता र लैङ्गिक समानता बीचको सम्बन्ध नै अत्यन्त चुनौतिपूर्ण रहेको उल्लेख गर्नुभयो । उहाँले संघीय प्रणाली बहु तहको संरचना भएको र भिन्न भिन्न निर्णय गर्ने स्थान रहने हुँदा विभिन्न तहमा महिलाको हक अधिकार सुनिश्चित गर्न के कस्तो प्रावधानको व्यवस्था गर्ने भन्ने चुनौति रहेको बताउनु भयो । उहाँले संघीयता उपर बनाइएको draft मा लैङ्गिकताको पाटो कस्तो रहेको छ ? अहिलेको मुख्य मुद्धा ethnicity मा हुँदा यसले लैङ्गिकताको पक्षलाई कसरी समेटको छ ? यसमा महिलाको सहभागीताको कसरी सुनिश्चित हुनसक्छ भन्ने बारे यो कार्यपत्रले प्रष्ट पार्न नसकेको पनि बताउनुभयो ।

उक्त कार्यक्रममा डा. सुरेन्द्र के.सी.द्वारा सहज कर्ताको भूमिका निर्वाह गरिएको थियो । कार्यपत्र प्रस्तुती र प्रस्तुती माथि टिप्पणी गर्ने कार्यको समाप्ती संगै सहजकर्ताद्वारा विषयमा केन्द्रित भएर सहभागीहरूलाई आफ्ना विचारहरू राख्नका लागि Floor Open गरिदिनु भएको थियो ।

सहभागीहरूद्वारा संघीय प्रणालीमा लैङ्गिक समानता प्राप्तिको लागि केन्द्रिय, प्रान्तिय र स्थानीय स्तरमा महिलाको कति प्रतिशतको सहभागीता र अधिकार सुनिश्चित हुनुपर्ने हो त्यो तथ्याङ्क सहित कार्यपत्रमा प्रष्ट हुनुपर्नेमा जोड दिए । उनीहरूले संवैधानिक समितिले तयार पारेको संघीय प्रणालीको प्रतिवेदन अध्ययन गरी त्यसमा महिलाको के कस्तो स्थिति छ, त्यो पत्ता लगाउनुपर्नेमा पनि जोड दिएका थिए । साथै, संघियतामा महिलाको अर्थपूर्ण सहभागितालाई लागि उनीहरूको क्षमता अभिवृद्धि गरिनुपर्ने र यसको निम्ति संविधानमा महिलाको शिक्षाको अधिकारलाई compulsive right भित्र राखेर १०+२ सम्म निशुल्क शिक्षा दिलाएर सक्षम बनाउनुपर्ने बताएका थिए ।






राष्ट्रिय महिला आयोगका सचिव डा. बद्रि पोखरलले लैङ्गिक समानता र संघीयतामा प्रस्तुत भएको कार्यपत्र, टिप्पणी कर्ता र अर्थपूर्ण सहभागीताले कार्यक्रमलाई खदिलो बनाएको उल्लेख गर्दै लैङ्गिक समानता कायम गर्नका लागि हरेक तहमा महिलाको अर्थपूर्ण र सम्मानजनक सहभागीताको सुनिश्चितता संविधानमै गरिनु पर्ने उल्लेख गर्दै संघीयतामा हरेक प्रान्तमा महिला आयोग रहनुको औचित्य हुन्छ कि हुदैन भन्ने विषयमा जिज्ञासा पनि राख्नुभएको थियो ।

अन्त्यमा, राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराज्यूद्वारा संघीयतामा महिलाको हक हित र अधिकारको सुनिश्चितता हुनुपर्ने, महिलामैत्री निर्वाचन प्रणाली बनाउनुपर्ने, महिलाको सवालमा सबै महिलाहरू एकजुत भएर लाग्नुपर्ने र महिलाको क्षमता अभिवृद्धिको लागि निशुल्क शिक्षाको नीति अपनाउनुपर्नेमा जोड दिंदै उपस्थित सम्पूर्ण सहभागीहरूलाई धन्यवाद दिंदै कार्यक्रको समापनको घोषणा गर्नु भएको थियो ।